# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६१ ) काठमाडौं, भदौ १२ गते २०६८ साल ( संख्या १६

## भाग ५

### नेपाल सरकार

### भूमिसुधार तथा व्यवस्था मन्त्रालयको सूचना

नेपाल सरकारले नेपाल इञ्जिनीयरिङ्ग सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) नियमहरू, २०५१ को नियम १२ ले दिएको अधिकार प्रयोग गरी उक्त नियमहरूको अनुसूची-३ को प्रकरण १३ को सट्टा देहायका प्रकरण १३ राखी हेरफेर गरेको छ।

"१३ सर्भे समूहको लागि:-

| सि.नं. | पद | शैक्षिक योग्यता |
|---|---|---|
| १ | रा.प.अनं. द्वितीय श्रेणी (अमिन वा सो सरह)को पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट गणित विषय लिई एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी सर्भे वा जियोमेटिक्स बिषयमा कम्तिमा १ वर्षको तालिम प्राप्त गरेको । |
| २ | रा.प.अनं. प्रथम श्रेणी (सर्भेक्षक वा सो सरह)को पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट गणित विषय लिई एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी सर्भे वा जियोमेटिक्स विषयमा ३ वर्षे प्रविणता प्रमाण पत्र सरहको डिप्लोमा उत्तीर्ण वा विज्ञान (फिजिकल समूह) वा भूगोल विषय लिई प्रमाण |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२९९

| | | |
|---|---|---|
| | | पत्र तह उत्तीर्ण गरी कम्तिमा १ वर्षको जुनियर नापी तालिम प्राप्त गरेको । |
| ३ | राजपत्रांकित तृतीय श्रेणी(नापी अधिकृत वा सो सरह)को पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट सर्भे वा जियो-मेटिक्स ईञ्जिनीयरिङ्गमा स्नातक वा सो सरह उत्तीर्ण गरेको । |
| ४ | राजपत्रांकित द्वितीय श्रेणी(प्रमुख नापी अधिकृत वा सो सरह) को पद | राजपत्रांकित तृतीय श्रेणीको नापी अधिकृत वा सो सरहको पदको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यता पुगेको र मान्यता प्राप्त शिक्षण संस्थाबाट सर्भे वा जियोमेटिक्ससँग सम्बन्धित विषयमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण र |
| ५ | राजपत्रांकित प्रथम श्रेणी (सह-सचिव वा सो सरह)को पद | ऐनको दफा ७ को उपदफा १६बमोजिमको अनुभव प्राप्त गरेको । |

आज्ञाले,
लालमणि जोशी
नेपाल सरकारको सचिव

## नेपाल सरकार
## अर्थ मन्त्रालयको सूचना

नेपाल सरकारले सामयिक कर असूल ऐन, २०१२ को दफा ३ अन्तर्गत जारी गरिएको आदेशको दफा १८ ले दिएको अधिकार प्रयोग गरी आर्थिक वर्ष २०६८।०६९ को लागि मट्टितेलको आयातमा लागि आएको मूल्य अभिवृद्धि कर पूर्ण रुपमा छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
कृष्णहरि बाँस्कोटा
नेपाल सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु. ५।-
गो.हु.द.नं. १६।०६२।६३

८८६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।